जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ७६ • २०८३ साल साउन १९ गते मंगलबार (4 August, Tuesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## कार्यालय प्रमुखविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहास्थित सव-डिभिजन वन कार्यालय बन्दीपुरका कार्यालय प्रमुख रामकेवल राय यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले सोमबार विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर गर्दै उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाहीको माग गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उद्योगका लागि ल्याइएको काठ सिलबन्दीअनुसार भए-नभएको रुजु गरी आवश्यक कागजातसहित फाइल फिर्ता गर्ने प्रक्रियामा सेवाग्राहीसंग घुस मागिएको भन्ने सूचना तथा उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको थियो ।

उक्त सूचनापछि आयोगको कार्यालय, बर्दिवासबाट खटिएको अनुसन्धान टोलीले विशेष निगरानी सञ्चालन गरेको थियो । अनुसन्धानका क्रममा कार्यालय प्रमुख यादवले सेवाग्राहीबाट १२ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा उनलाई रंगेहात नियन्त्रणमा लिएको आयोगले जनाएको छ ।

आयोगका अनुसार अनुसन्धानबाट काष्ठ उद्योगमा ल्याइएका काठ बोकेका ट्रकहरूको सिल खोलिएको मुचुल्का तयार गरी सम्बन्धित प्रक्रिया पूरा गरिदिएबापत उनले विभिन्न बहाना बनाएर सेवाग्राहीलाई अनावश्यक दुःख-हैरानी दिएका थिए ।

त्यसपछि बार्गेनिङ गर्दै अन्ततः रु. १२ हजार घुस लिएको तथ्य पुष्टि भएको आयोगको दाबी छ ।

आयोगले यादवको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसुर भएको निष्कर्ष निकालेको छ । सोही आधारमा बिगो रु. १२ हजार कायम गरी बिगो बराबर जरिवाना तथा कानुनबमोजिम कैद सजायको मागदाबी गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

अब विशेष अदालतले मुद्दामाथि सुनुवाइ गरी प्रस्तुत प्रमाण, अनुसन्धान प्रतिवेदन तथा दुवै पक्षको बहसका आधारमा अन्तिम फैसला गर्नेछ ।

### मधेशभर खाना पकाउने ग्यासको अभाव

## उपभोक्ता धाउँदै, व्यवसायी भन्छन्- कर्फ्यू र ढुवानी अवरोधले आपूर्ति प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका अधिकांश जिल्लामा खाना पकाउने एलपीजी ग्यासको आपूर्ति प्रभावित भएपछि उपभोक्ता दैनिक जीवनमा गम्भीर समस्या भोग्न बाध्य भएका छन् । मधेश प्रदेशको जनकपुरधाम, वीरगञ्ज, लहान, राजविराज, मलंगवा, गौर, कलैयालगायतका मुख्य बजारमा एक सातादेखि ग्यास सहज रूपमा उपलब्ध हुन नसकेपछि उपभोक्ताहरू खाली सिलिन्डर बोकेर एक डिलरबाट अर्को डिलरसम्म धाउन बाध्य भएका छन् ।

ग्यास अभावले घरपरिवार, होटल, रेष्टुरेन्ट तथा साना व्यवसायसमेत प्रभावित भएका छन् । विशेषगरी डेरा गरी बस्ने विद्यार्थी, स्वास्थ्यकर्मी, ज्यालादारी मजदुर तथा साना होटल सञ्चालकलाई दैनिक खाना पकाउनै समस्या भएको छ ।

जनकपुरधामको रामानन्द चोक, पिडारी चोक, थापा चोक, भानु चोक, मुरली चोक, पेठिया बजारलगायतका क्षेत्रमा रहेका अधिकांश ग्यास डिलरले ग्यास सकिएको भन्दै उपभोक्तालाई नाम टिपाएर फर्काउने गरेका छन् । कतिपय डिलरले पसल नै बन्द गरेका छन् भने खुलेका पसलमा पनि नयाँ ग्यास उपलब्ध नभएको जानकारी दिइरहेका छन् ।

उपभोक्ताहरूका अनुसार एक साताभन्दा बढी समयदेखि कुनै पनि कम्पनीको ग्यास नियमित रूपमा वितरण हुन सकेको छैन । यसले दैनिक उपभोगमा प्रत्यक्ष असर परेको उनीहरूको गुनासो छ ।

ग्यास अभावको सबैभन्दा बढी असर साना होटल तथा रेष्टुरेन्ट व्यवसायमा पनि देखा पर्न थालेको छ । कतिपय होटल सञ्चालकले सीमित मौज्दातका कारण व्यवसाय सञ्चालन गर्न कठिन भएको बताएका छन्



भने केहीले अस्थायी रूपमा सेवा नै बन्द गर्ने अवस्था आएको जनाएका छन् ।

स्थानीय स्रोतका अनुसार सर्वसाधारणलाई ग्यास उपलब्ध नभए पनि केही ठूला होटल तथा व्यावसायिक प्रतिष्ठानलाई बढी मूल्यमा ग्यास उपलब्ध गराइएको भन्ने गुनासोसमेत आएको छ । यद्यपि यसबारे आधिकारिक पुष्टि भने हुन सकेको छैन ।

उपभोक्ताहरूले बजारमा कृत्रिम अभाव सिर्जना गरी कालोबजारीको तयारी भइरहेको आशंका व्यक्त गरेका छन् ।

सुनसरी घटनापछि केही दिन बजार बन्द भए पनि त्यतिबेला बिक्रीसमेत न्यून भएकाले मौज्दात ग्यास एकाएक सकिनुपर्ने अवस्था नरहेको उपभोक्ताहरु बताउँछन् । 'दुई दिन बजार नै बन्द थियो । बिक्री नभएको ग्यास अचानक कसरी सकियो ?' भन्ने प्रश्न उठाउँदै उपभोक्ताले सम्बन्धित निकायलाई बजार अनुगमन तीव्र बनाउन, मौज्दातको वास्तविक अवस्था सार्वजनिक गर्न तथा कालोबजारी रोक्न माग गरेका छन् ।

ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले भने ग्यास अभाव कृत्रिम नभई आपूर्ति प्रणालीमा आएको अवरोधका कारण भएको दाबी गरे ।

उनले जनाए अनुसार सुनसरी घटनापछि लगाइएको कर्फ्यु, निषेधाज्ञा तथा यातायात अवरोधका कारण करिब एक सातासम्म ग्यास बोकेका ट्यांकर सञ्चालन हुन सकेनन् । बन्द खुलेपछि पछिल्ला दुई दिनदेखि विभिन्न कम्पनीका ग्यास आउन थालेकाले आपूर्ति क्रमशः सहज हुँदै गएको उनले बताए ।

पण्डितका अनुसार समस्या जनकपुरधाम वा मधेश प्रदेशमा मात्र सीमित नभइ देशभर देखिएको छ । उनले भारतको बरौनीबाट हुने प्रत्यक्ष ढुवानी प्रभावित भएपछि हाल हल्दिया, मथुरा लगायतका रुटबाट ग्यास ल्याउनुपरेकाले ढुवानीमा बढी समय लागेको बताए ।

उनले हाफ सिलिन्डरबाट फुल सिलिन्डर व्यवस्थापन प्रणालीमा गरिएको परिवर्तनले समेत केही समय आपूर्ति व्यवस्थापनमा समस्या सिर्जना गरेको उल्लेख गरे ।

नेपाल आयल निगमले भने बजारमा कुनै डिलर वा विक्रेताले ग्यास उपलब्ध नगराएको वा अनियमितता गरेको जानकारी प्राप्त भए तत्काल निगम वा सम्बन्धित निकायमा सूचना दिन उपभोक्तासँग आग्रह गरेको छ ।

नेपालमा हाल नेपाल ग्यास, कोशी ग्यास, नोबेल ग्यास, लुम्बिनी ग्यास, एभरेस्ट ग्यास, राजधानी ग्यास, ओम ग्यास, बाबा ग्यास, सुपर ग्यास, बुटवल ग्यास, प्राइमा ग्यास, सहारा ग्यास, सैपाल ग्यास, मनोज ग्यास, नवज्योति ग्यास, नारायणी नेपाल ग्यास, सुगम ग्यास, त्रिशक्ति ग्यास, युनाइटेड ग्यास, श्री ग्यास, हिमाल ग्यास, नमस्ते ग्यास, विश्वकर्मा ग्यास, अन्नपूर्ण ग्यास, सगरमाथा ग्यासलगायत करिब ५६ वटा एलपीजी बोटलिङ कम्पनी सञ्चालनमा छन् ।

उपभोक्ता अधिकारकर्मीहरूले बजारमा ग्यासको वास्तविक मौज्दात, वितरण प्रक्रिया तथा डिलरहरूको बिक्री अभिलेख तत्काल छानबिन गर्न सरकारसँग माग गरेका छन् । उनीहरूले कृत्रिम अभाव र कालोबजारी रोक्न जिल्ला प्रशासन, नेपाल आयल निगम र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले संयुक्त रूपमा प्रभावकारी बजार अनुगमन गर्नुपर्ने बताएका छन् । आपूर्ति सहज नहुँदा मधेशका हजारौं घरपरिवार र व्यवसाय प्रत्यक्ष प्रभावित भइरहेका छन् ।

## नेपालमा शरणार्थी सहयोग घट्यो, पारदर्शीतामाथि प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा रहेका करिब २० हजार शरणार्थीको संरक्षण तथा व्यवस्थापनका लागि उपलब्ध अन्तर्राष्ट्रिय सहायता लगातार घट्दै गएको छ । यससंगै सहायता रकम कहाँ, कसरी र कुन कार्यक्रममा खर्च भइरहेको भन्ने विषयमा पारदर्शिताको अभाव देखिएको छ ।



संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (यूएनएचसीआर) का अनुसार नेपालमा तिब्बती, भुटानी तथा विभिन्न मुलुकबाट आएका शरणार्थी र आश्रय खोज्ने व्यक्तिहरू गरी करिब २० हजार मानिस बसोबास गरिरहेका छन् । नेपालले दशकौंदेखि मानवीय आधारमा उनीहरूलाई आश्रय दिँदै आएको भए पनि पछिल्ला वर्षहरूमा सञ्चालन बजेट र वास्तविक फन्डिङ दुवै खुम्चिँदै गएको छ ।

यूएनएचसीआरको नेपाल फन्डिङ अपडेटअनुसार सन् २०२५ मा नेपाल कार्यक्रम सञ्चालनका लागि ३.९ मिलियन अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरिएको थियो । तर सन् २०२६ मा आवश्यक बजेट नै घटेर २ मिलियन अमेरिकी डलरमा झरेको छ । अर्थात् एक वर्षमै करिब ४९ प्रतिशत बजेट कटौती भएको देखिन्छ ।

बजेट घटाइएको छैन । आवश्यक रकमसमेत पूर्ण रूपमा जुट्न सकेको छैन । सन् २०२५ मा आवश्यक बजेटको ४२ प्रतिशत मात्रै उपलब्ध भएको थियो भने सन् २०२६ को जुन अन्त्यसम्म यो अनुपात ३८ प्रतिशतमा सीमित भएको छ । यसअनुसार नेपाल कार्यक्रमका लागि करिब ६२ प्रतिशत अर्थात् १.२४६ मिलियन अमेरिकी डलर बराबरको फन्डिङ अभाव रहेको छ ।

यूएनएचसीआर स्वयं विश्वव्यापी वित्तीय संकटबाट प्रभावित भएको जनाएको छ । दातृ राष्ट्रहरूमा बजेट कटौती, प्राथमिकतामा परिवर्तन तथा कार्यक्रम पुनर्संरचनाका कारण नेपालजस्ता तुलनात्मक रूपमा साना कार्यक्रमहरूमा समेत स्रोत संकुचित हुँदै गएको देखिन्छ ।

यूएनएचसीआरका अनुसार नेपालमा हाल करिब १९ हजार ५ सयदेखि २० हजार शरणार्थी छन् । तीमध्ये करिब १२ हजार ५ सय तिब्बती शरणार्थी काठमाण्डु, पोखरा तथा हिमाली क्षेत्रमा बसोबास गर्छन् । करिब ६ हजार ३ सय भुटानी शरणार्थी झापा र मोरङका बेलडाँगी तथा पथरी-शनिश्चरे शिविरमा छन् । बाँकी करिब एक हजार शहरी शरणार्थी तथा आश्रय खोज्ने व्यक्तिहरू (रोहिंग्या, अफगानी, सोमाली, पाकिस्तानी, श्रीलंकालीलगायत) मुख्यतः काठमाण्डु उपत्यकामा केन्द्रित छन् ।

सन् २००७ देखि २०१६ सम्म एक लाख १३ हजारभन्दा बढी भुटानी शरणार्थी तेस्रो मुलुकमा पुनर्वास भइसके पनि नेपाल अझै दक्षिण एशियामा दीर्घकालीन रूपमा शरणार्थीलाई आश्रय दिने मुलुकमध्ये एक मानिन्छ ।

उपलब्ध सरकारी तथा यूएनएचसीआरको सार्वजनिक तथ्यांकअनुसार मधेश प्रदेशमा कुनै आधिकारिक शरणार्थी शिविर वा स्थायी रूपमा मान्यता प्राप्त शरणार्थी बस्ती छैन । नेपालका मान्यता प्राप्त शरणार्थी मुख्यतः झापा, मोरङ, काठमाण्डु, पोखरा तथा केही हिमाली जिल्लामा केन्द्रित छन् ।

यद्यपि भारतसंग खुला सीमा नाका जोडिएका मधेशका जिल्लाबाट विभिन्न मुलुकका नागरिक नेपाल प्रवेश गर्ने घटनाहरू बेलाबेलामा सार्वजनिक हुने गरेका छन् । सुरक्षा निकायले रोहिंग्यासहित विभिन्न विदेशी नागरिकलाई सीमावर्ती क्षेत्रबाट नियन्त्रणमा लिने घटनाहरू भए पनि उनीहरू मधेशमै संगठित रूपमा बसोबास गरिरहेको पुष्टि हुने आधिकारिक तथ्यांक छैन । अधिकांशलाई काठमाण्डुस्थित यूएनएचसीआरको प्रक्रियामा ल्याइने वा अध्यागमन कानुनअनुसार कारबाही गरिने सरकारी अधिकारीहरू बताउँछन् । उपलब्ध सार्वजनिक अभिलेखले मधेशलाई ट्रान्जिट क्षेत्र का रूपमा देखाउँछ, स्थायी शरणार्थी बसोबास क्षेत्रका रूपमा होइन ।


यूएनएचसीआरले सार्वजनिक गर्ने प्रतिवेदनमा नेपालका लागि आवश्यक बजेट, प्राप्त रकम र फन्डिङ अभावको विवरण समेटिएको हुन्छ । तर उक्त रकम वास्तवमा कुन जिल्लामा खर्च भयो, कुन कार्यक्रममा कति विनियोजन गरियो, कुन स्थानीय साझेदार संस्थाले कति अनुदान प्राप्त गरे वा खरिद प्रक्रियामा कुन कम्पनीले कति रकम पाए भन्ने विस्तृत विवरण सार्वजनिक रूपमा उपलब्ध छैन ।


त्यस्तै झापा, मोरङ, काठमाण्डु वा अन्य क्षेत्रमा कति रकम खर्च भयो भन्ने जिल्ला-आधारित विवरण पनि सार्वजनिक प्रतिवेदनमा समावेश गरिएको पाइँदैन । यूएनएचसीआरले बजेटलाई अनुमानित विनियोजनका रूपमा व्याख्या गर्दै वर्षभर पुनःसमायोजन हुन सक्ने उल्लेख गरेको छ ।

नेपालले हालसम्म सन् १९५१ को शरणार्थी महासन्धि र सन् १९६७ को प्रोटोकल अनुमोदन गरेको छैन । शरणार्थीसम्बन्धी छुट्टै राष्ट्रिय कानुनसमेत बनेको छैन । हाल शरणार्थी व्यवस्थापन सरकार र यूएनएचसीआरबीचको प्रशासनिक समन्वयका आधारमा सञ्चालन हुँदै आएको छ ।

गृह मन्त्रालयका अधिकारीहरूका अनुसार शरणार्थीसम्बन्धी कानुन निर्माणबारे छलफल अघि बढिरहेको छ । कानुनी आधार बलियो नभएसम्म परिचयपत्र, रोजगारी, शिक्षा, स्वास्थ्य सेवा र दीर्घकालीन व्यवस्थापनजस्ता विषय चुनौतीपूर्ण रहने देखिएको छ ।

घट्दो अन्तर्राष्ट्रिय सहायता, स्पष्ट कानुनी संरचनाको अभाव र खर्च विवरणमा सीमित पारदर्शीताले नेपालमा शरणार्थी व्यवस्थापनको दिगोपनमाथि थप प्रश्न उठ्न थालेको छ ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अझै गति बढाउ सरकार

स्वच्छ छवि भएको जनविश्वास प्राप्त प्रधानमन्त्री बालेन्द्र साह(बालेन) नेतृत्वको सरकारले अझै गति बढाउनु पर्ने भएको छ । देशमा विगतको सरकारको समयमा रहेका अधिकांश समस्याहरु अझै विद्यमान छ । सर्वसधारणको समस्या अझै ज्यूकोत्यूँ छ । प्रशासन सम्म पहुँच नभएकाहरुले लामो समय धाए पनि समस्याको सुनवाइ हुँदैन । देशमा झण्डै दुई तिहाइको सरकार छ । सरकारले चाहे अनुसारको कानुन बनाउन सक्छ । सुशासनका लागि निर्देशनहरु जारी गरी कार्यान्वयन गराउन सक्छ । तर सरकार त्यस क्षेत्रमा अझै पछाडि छ । आमनागरिकले आफू रहेको ठाउँमा राज्यको उपस्थितिको अनुभूति गर्न सक्नु पर्छ । देशमा शान्ति सुरक्षाको पूर्ण ग्यारेन्टी नभएसम्म उद्योग, व्यवसाय फस्टाउन सक्दैन । सरकारले धेरै क्षेत्रमा सुधारका लागि प्रयास थालेको छ । त्यसलाई सकारात्मक रुपमा लिनु पर्छ । तर अझै पुराना धेरै समस्याहरु यथावत छ । सरकारमै रहेका कयौं मन्त्रीहरुको गतिविधिमाथि प्रश्न उठेको छ । प्रधानमन्त्री स्वयंले लोकतान्त्रिक विधि र प्रक्रियालाई अनुशरण नगरेको आरोप लागेको छ । सरकार त्यसमा अल्झिनुको साटो देश विकास र आमनागरिकलाई राहत पुग्ने कार्यहरुलाई प्राथमिकतामा राखेर अगाडि बढ्नु पर्छ । शिक्षा र स्वास्थ्यमा लगाएको कर अनुचित रहेको महसुस गर्दै प्रधानमन्त्री साहले आफ्नो फेसबुक पेजबाट त्यो हटाएको जानकारी गराए । तर विद्युत, स्वास्थ्य र शिक्षामा अझै शुल्क कायमै छ । देश हाँक्ने तहमा पहिलो पटक शिक्षित युवाहरुको आवश्यक संख्या पुगेको छ । सरकारमा रहेकाहरुको राजनीतिक गत चुनावबाट नै प्रारम्भ भएको धेरै छन् । केही मात्र पुराना अनुहार छ । स्वयं प्रधानमन्त्री साह काठमाण्डु महानगरको मेयरबाट सोझै प्रधानमन्त्री बनेका हुन् । नी पनि युवा छन् । उनको राजनीतिक भविष्य पनि लामो छ । राजनीतिमा लामो समय टिक्न जनप्रिय हुन आवश्यक छ । बालेनको नामबाट नै देशमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले झण्डै दुई तिहाइ बहुमत प्राप्त गरेको छ । उनीप्रति आममतदाताले व्यक्त गरेको विश्वास आगामी चुनाव सम्म कायम रहन उनले जनअपेक्षा अनुसारको कार्यलाई द्रुतगतिमा अगाडि बढाउनु पर्छ । विपक्षी राजनीतिक दलहरुको कमजोरी गनेर आफ्नो उच्च मूल्यांकन गर्न मिल्दैन । विगतमा विपक्षी दलहरुले गरेका कामहरुको मूल्यांकन गर्दै आफ्नो कार्यलाई द्रुतगतिमा अगाडि बढाउन आवश्यक भइसकेको छ । संसदमा विपक्षी दलहरुले प्रधानमन्त्रीको राजीनामा मात्र मागेको होइन, सडकमा पनि जेन- जीले प्रधानमन्त्रीको राजीनामा माग गरेका छन् । पुराना सत्ता परिवर्तन गर्न सडकमा निडर भएर उत्रेका युवाहरु यस पटक तराईमा भएको हिंसात्मक घटनामा जेन- जीको उल्लेख्य सहभागिता रहेको थियो । उनीहरुले प्रधानमन्त्रीको राजीनामा मागेका थिए । त्यसकारण सरकारले हालको गतिलाई अझ तेज बनाउन आवश्यक छ ।

# शुन्यतामा मधेसको राजनीति



कौशल गोपालवंशी

नेपालको राजनीतिक इतिहासमा केही यस्ता आन्दोलन छन्, जसले केवल सरकार परिवर्तन गरेनन्, राज्यको संरचनालाई नै पुनर्परिभाषित गरे। २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गऱ्यो भने त्यसको लगत्तै भएको मधेस आन्दोलनले नेपाललाई एकात्मक राज्यबाट संघीय लोकतान्त्रिक गणतन्त्रतर्फ धकेल्ने निर्णायक दबाब सिर्जना गऱ्यो। यदि जनआन्दोलनले काठमाडौंको सत्ता परिवर्तन गरेको थियो भने मधेस आन्दोलनले सिंहदरबारको सोच परिवर्तन गर्न बाध्य बनाएको थियो। तर इतिहासको यही गौरव बोकेको मधेस आज किन राजनीतिक रूपमा कमजोर देखिन्छ? किन आन्दोलनको केन्द्रमा रहेको भूभाग आज राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बन्न संघर्ष गरिरहेको छ? किन मधेसवादी दलहरू आन्दोलनको उचाइबाट चुनावी अस्तित्व जोगाउने अवस्थासम्म झरे? सिंहदेवारको सोच परिवर्तन गर्ने गरि भएको आनदोलनको कुनै पक्षधरको नेपालको संघीय संसदमा उपस्थिति नहुनुले आम जनता, आलोचक र विचारकहरुको सबैभन्दा महत्वपूर्ण प्रश्न–के मधेसको राजनीति वास्तवमै शून्यतामा पुगेको हो, वा यो पुनर्जागरणअघि देखिने राजनीतिक संक्रमण हो?

पुनजार्गरण एउटा चित बुझाउने बिकल्पको रुपमा चित्रण गर्न सकिन्छ तर वास्तवमा यो शुन्यता कै विषय हो । अर्थात मधेसको वैचारिक राजनिति शुन्यतामा नै पुगेको छाशुन्यताको मै गएको हो भन्ने यसलाई पुष्टि गर्ने थुप्रै तथ्यहरु पनि देखिन्छ भने शुन्यता पछिको अवस्थाको वारेमा पनि जनतालाई जानकारी हुन आवश्यक छ। यदि शुन्यता पछिको आवस्थालाई जनताले स्वीकार गर्छ भने हामीले शुन्यतालाई समर्थन गर्नु पर्छ होइन भने जनताको हितमा शुन्यताबाट राजनितिलाई निकालि एउटा लयमा फर्काउनु पर्छ।

पुनर्जागरणलाई सतही रूपमा हेर्दा यसले मधेसको राजनीतिक असन्तुष्टिलाई सम्बोधन गर्ने एउटा वैकल्पिक प्रयासको रूपमा देखिन सक्छ। तर गहिरिएर विश्लेषण गर्दा यो केवल नयाँ सुरुवातको घोषणा मात्र होइन, मधेसको वैचारिक राजनीतिमा उत्पन्न भएको गम्भीर शून्यताको प्रतिबिम्ब पनि हो। वास्तवमा आजको मधेसको राजनीति कुनै नयाँ वैचारिक उचाइतर्फ अग्रसर भएकोभन्दा पनि आफ्नो मौलिक दिशा, उद्देश्य र वैचारिक आधार गुमाएर शून्यताको अवस्थामा पुगेको देखिन्छ।

यो निष्कर्षलाई पुष्टि गर्ने अनेक तथ्यहरू छन्। एक समय पहिचान, अधिकार, संघीयता, समानुपातिक समावेशिता र स्वाभिमानका मुद्दामा केन्द्रित मधेस आन्दोलन आज व्यक्तिकेन्द्रित प्रतिस्पर्धा, दलगत विभाजन, अवसरवाद र सत्तामुखी समीकरणमा सीमित भएर मधेस केन्द्रित राजनिति शक्तिको राष्ट्रिय राजनितिमा अस्तित्व नै समापत भएको छ। आन्दोलनले जन्माएका अधिकांश राजनीतिक शक्तिहरू आफ्नै मूल एजेन्डाबाट विचलित भएको छ। परिणामस्वरूप मधेसी समाजमा वैचारिक नेतृत्वको अभाव, राजनीतिक निराशा र जनविश्वासको संकट गहिरिँदै गएको छ।संसद बैठकको शुरु देखि अन्तयसम्म नै मधेशको मुदामा बहस हुने देखि आज संसदमा मधेशी हु मधेशको प्रतिनिधित्व गर्छु, मधेशको आधिकारको लागि आवाज हु, मधेसको जनताको शक्तिसम्म भन्न सक्ने राजनेता समेत संसदमा भेटिदैन, संसदको कुरा मात्र होईन संसद भन्दा बाहिर पनि मधेशको लागि आवज उठाउने नेतृत्वको खडेरी परेको छ। अर्थात मधेशको पक्षमा बोल्ने/लाडने/बहस गर्नेको समेत खडेरी परेको अवस्था नै वैचारिक शून्यताको सबैभन्दा ठूलो प्रमाण हो।जब जनताले प्रशन गर्छन अनि नेतृत्व संग उतर हुन्न अनि राजनितिक शुन्यतामा मानिन्छ भने अहिले मधेसि जनताले कसलाई मधेसको प्रशन सोध्ने, मधेसमा नेतृत्व गर्ने शक्तिलाई सातामा पहुच छैन अनि सातामा पहुचँ भएको संग मधेसी जनताको पहुच छैन। यो मधेशको शुन्यताको प्रमाण हो ।

राजनीतिक शून्यताको सबैभन्दा स्पष्ट संकेत तब देखिन्छ, जब जनताका प्रश्नहरूको जवाफ दिने वैधानिक, उत्तरदायी र प्रभावकारी नेतृत्व नै बाँकी रहँदैन। लोकतन्त्रमा जनताले आफ्ना प्रतिनिधिसँग प्रश्न गर्छन्, नेतृत्वले उत्तर दिन्छ, र उत्तरदायित्वको यही सम्बन्धले राजनीतिक प्रणालीलाई जीवन्त बनाउँछ। तर मधेसको वर्तमान राजनीतिक अवस्थाले यही सम्बन्धलाई विच्छेद गरिदिएको छ।

आज मधेसी जनताले आफ्नो अधिकार, पहिचान, नागरिकता, विकास, रोजगारी वा प्रतिनिधित्वका विषयमा प्रश्न गर्नुपर्दा उनीहरूले कसलाई सम्बोधन गर्ने? मधेसको नेतृत्व गर्ने दाबी गर्ने राजनीतिक शक्तिहरू सत्ताको निर्णायक केन्द्रबाट टाढा छन्, त्यसैले उनीहरूसँग समाधान कार्यान्वयन गर्ने शक्ति छैन। अर्कोतर्फ, राज्यसत्तामा पहुँच भएका शक्तिहरूसँग मधेसी जनताको प्रत्यक्ष राजनीतिक सम्बन्ध, विश्वास र पहुँच छैन। जनताको आवाज र राज्यको निर्णय प्रक्रियाबीचको यो विच्छेद नै मधेसको राजनीतिक शून्यताको सबैभन्दा ठोस प्रमाण हो।यस अवस्थामा मधेसी जनता दोहोरो अन्यायको सिकार बनेका छन्। एकातिर उनीहरूका नाममा राजनीति गर्ने नेतृत्व प्रभावहीन बनेको छ; अर्कोतर्फ राज्य सञ्चालन गर्ने शक्तिहरू मधेसका प्रश्नप्रति प्रत्यक्ष रूपमा उत्तरदायी देखिँदैनन्। परिणामस्वरूप मधेससँग प्रश्न छन्, तर उत्तर दिने उत्तरदायी शक्ति छैन; अपेक्षा छन्, तर सम्बोधन गर्ने संस्थागत संयन्त्र कमजोर छ; प्रतिनिधित्व छ, तर प्रभावकारी निर्णय गर्ने क्षमता छैन। यही अवस्था नै वैचारिक मात्र होइन, नेतृत्वगत र संस्थागत शून्यताको वास्तविक अभिव्यक्ति हो।यसैले मधेसको संकट केवल कुनै एउटा दलको कमजोरी वा निर्वाचनको हार-जितको विषय होइन। यो जनताको प्रश्न र राज्यको उत्तरबीचको सम्बन्ध टुटेको राजनीतिक अवस्थाको संकट हो। जबसम्म मधेसमा जनविश्वास प्राप्त, वैचारिक रूपमा स्पष्ट र राज्यको निर्णय प्रक्रियामा प्रभाव पार्न सक्ने नेतृत्व पुनः स्थापित हुँदैन, तबसम्म यो शून्यता अझ गहिरिँदै जानेछ। आज धर्मको नामको मधेसमा हिंसा उत्पन्न भएको छ भने भोलि जातियताको नाममा हुनेछ, त्यस पछि पुर्वी मधेस र पश्चिम मधेस विच हुने छ। विगत राज्य संस्थाको अनत्य देखि नै मधेसमा धार्मिक युद्धको लागि तायारी गरिरहेको घटनाक्रमले देखाउछन, तर यो शुन्यतामा यो धार्मिक द्वन्दको प्रयास सफल हुनेछ, त्यहि भएर चाडौ शुन्यताको अन्तय हुनुपर्छ। कुनै दिन थारु मधेसीको विचको युद्धको प्रयास हुनेछ, यदि शुन्यता हटाईएन भने यो प्रयास पनि सफल हुने छ। यदि हामीले शुन्यतालाई समयमा हटाउन सकिएन भने कुनै दिन नेपाल भारतको सिमामा जनता जनता विचमा पनि द्वन्द हुनेछ। तर्थात अहिले ट्रान्जिसन अवस्थामा रहेको मधेसको राजनितिलाई स्वार्थ समुहको थोरै प्रयासले धेरै क्षति हुन्छ, जता जुन दिशामा लैजान खोज्छन त्यता लैजान्छ। त्यहि भएर मधेश कन्द्रित शक्तिले आफु संग भएको वल,बुद्धिको प्रयोग गरेर शुन्यतालाई तत्काल हटाउनु पर्ने आवस्यक्ता रहेको छ।

तर शून्यता कुनै अन्तिम अवस्था होइन; यो नयाँ निर्माणको सुरुवात पनि हुन सक्छ र पूर्ण पतनको संकेत पनि। त्यसैले शून्यतापछिको अवस्थाबारे जनतालाई स्पष्ट रूपमा बुझाउन आवश्यक छ। यदि यो शून्यताले पुरानो अवसरवादी राजनीति अन्त्य गरी सिद्धान्तमा आधारित, उत्तरदायी र जनमुखी राजनीतिक पुनर्निर्माणको आधार तयार गर्छ भने यसलाई ऐतिहासिक संक्रमणको रूपमा स्वीकार गर्न सकिन्छ। तर यदि यही शून्यताले राजनीतिक नेतृत्वको अभाव, जनप्रतिनिधित्वको कमजोर अवस्था र मधेसका मुद्दाको थप अवमूल्यन मात्र निम्त्याउँछ भने यसलाई स्वीकार गर्नु जनहितविपरीत हुनेछ।यसैले आजको मूल प्रश्न पुनर्जागरणको घोषणा होइन, त्यसको वैचारिक गन्तव्य हो। जनताले शून्यतापछिको राजनीतिक दिशालाई स्वीकार गर्ने आधार, उद्देश्य र परिणाम के हुन् भन्नेबारे स्पष्ट उत्तर खोज्नुपर्छ। यदि त्यो दिशा मधेसको दीर्घकालीन हित, लोकतान्त्रिक मूल्य र सामाजिक न्यायसँग मेल खान्छ भने शून्यतालाई नयाँ सुरुवातको अवसरका रूपमा समर्थन गर्न सकिन्छ। अन्यथा, जनताको हितलाई केन्द्रमा राख्दै मधेसको राजनीतिलाई वैचारिक शून्यताबाट बाहिर निकालेर पुनः सिद्धान्त, मुद्दा र जनविश्वासको लयमा फर्काउनु आजको सबैभन्दा ठूलो राजनीतिक दायित्व हुनेछ।


## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तससिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

### तपसिल

| ऋणीको नाम | धितो विवरण |
|---|---|
| **शाखा कार्यालय: पिडारीचोक शाखा, धनुषा** | |
| वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर धनुषा)मा प्रा.फ.र.नं. ११७३७/४४८/२०७५/०७६ कायम भई मिति २०७५/०५/१३ मा दर्ता भएको **मा जानकी इन्टरप्राइजेज (ऋणी)**<br>प्रोप्राईटर तथा व्यक्तिगत जमानी दिने: **डिकेन्द्र यादव**<br>व्यक्तिगत जमानी दिने: **रश्मी यादव, अनिता यादव र रविन्द्र यादव**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८३।०१।३० गतेको सौर्य राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । | सुरेश यादवको बुहारी सुकदेव यादवको छोरी रविन्द्र यादवको पत्नी धनुषा जिल्ला मखनहा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित सबैला न.पा. वडा नं. ७) बस्ने **अनिता यादवको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ९ (हाल परिवर्तित जनकपुर उप म.पा. वडा नं. ९) सिट नं. १३५५०७ स्थित कित्ता नं. ३ को क्षेत्रफल ०-१-३-३ (विघा) को घर/जग्गा समेत |

**बोलपत्रका शर्तहरु :**
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८३/०५/०२<br>कार्यालय समय सम्म | २०८३/०५/०५<br>अपरान्ह २:०० बजे | यस बैंकको कुनै पनि शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**



## श्री आधारभूत विद्यालय भंगहा
### लक्ष्मीनियाँ गाउँपालिका – ५, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशित मिति - २०८३।०४।१९ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि विद्युतीय (भ-न्ए) प्रणाली मार्फत प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT र PS वाहेक) |
|---|---|---|---|---|
| १ | BH/WORKS/01-2082-83 | Shree Aadharbhut Bidhyalaya Bhangha Bhawan Nirman | M/S Consolidated Engineering Build Pvt. Ltd., Kathmandu -31, Nepal | ६४,९९,५२६।९४ |



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । |
| **वृष :** | रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । |
| **मिथुन :** | शुभचिन्तकहरुले साथ-सहयोग प्राप्त हुनेछ । |
| **कर्कट :** | प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरुले हार खानेछन् । |
| **सिंह :** | छोटो समयमा फाइदा लिन सकिनेछ । |
| **कन्या :** | हल्लाको भरमा अरुको विश्वास गर्दा धोका हुन सक्छ । |
| **तुला :** | परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । |
| **वृश्चिक :** | चिताएको काम सम्पादन हुनेछ । |
| **धनु :** | मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ । |
| **मकर :** | टाढाका साथीभाइले काममा साथ दिनेछन् । |
| **कुम्भ:** | आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । |
| **मीन:** | समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |



## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे



## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# नेपाल प्रवेश गर्न परिचयपत्र अनिवार्य



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीपछि अब धनुषासँग जोडिएका नेपाल-भारत सीमा नाकाबाट नेपाल प्रवेश गर्ने सबै व्यक्तिका लागि अब परिचयपत्र अनिवार्य गरिएको छ ।

जिल्ला सुरक्षा समितिको आइतबार बसेको बैठकले सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन यस्तो निर्णय गरेको हो । जिल्ला प्रशासन कार्यालय धनुषाका अनुसार अब सीमा नाकाबाट नेपाल प्रवेश गर्ने प्रत्येक व्यक्तिले आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा देखाउनुपर्नेछ ।

सुरक्षा निकायले परिचयपत्रका आधारमा अभिलेख राख्दै मात्र प्रवेशको अनुमति दिने व्यवस्था लागू गरिने जनाएको छ । धनुषामा केही दिनदेखि लागू गरिएको निषेधाज्ञा सोमबार बिहान ५ बजेदेखि हटाइने भएको छ ।

सरकार र आन्दोलनरत हिन्दुवादी संघसंस्थाबीच भएको सहमतिपछि आन्दोलनका कार्यक्रम फिर्ता लिने प्रतिबद्धता व्यक्त गरिएकाले जिल्लाको सुरक्षा अवस्थाको समीक्षा गर्दै निषेधाज्ञा हटाउने निर्णय गरिएको प्रशासनले जनाएको छ ।

सुनसरीको कप्तानगञ्जमा भएको घटनापछि मधेश प्रदेशका विभिन्न जिल्लामा आन्दोलन चर्किँदा धनुषासहित आसपासका जिल्लामा सुरक्षा सतर्कता बढाइएको थियो । त्यसक्रममा धनुषामा निषेधाज्ञा जारी गरिएको थियो ।

प्रशासनले निषेधाज्ञा हटाइए पनि शान्ति सुरक्षा कायम राख्न सुरक्षा निगरानीलाई निरन्तरता दिइने जनाएको छ । सीमा नाकामा परिचयपत्र अनिवार्य गर्ने निर्णयले आवतजावतलाई व्यवस्थित बनाउनुका साथै सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बन्ने विश्वास गरिएको छ ।

# पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । पेट्रोलियम पदार्थको मूल्यमा नेपाल आयल निगमले वृद्धि गरेको छ । निगम सञ्चालक समितिको निर्णयअनुसार नयाँ मूल्य साउन १८ गते सोमबार बिहान १२:०१ बजेदेखि लागू हुने भएको हो ।



नयाँ मूल्य अनुसार पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर ३ रुपैयाँ र डिजेल/मट्टितेलको मूल्य ५ रुपैयाँ बढाइएको छ । यस्तै आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर २० रुपैयाँ बढाइएको छ भने अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य पनि वृद्धि गरिएको निगमले जनाएको छ ।

निगमका अनुसार भारतीय आयल कर्पोरेशन (आईओसी) बाट साउन १५ गते प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोल प्रतिलिटर २० रुपैयाँ १९ पैसा, डिजेल ३९ रुपैयाँ ६७ पैसा र हवाई इन्धन १९ रुपैयाँ ६ पैसा महँगो भएर आएको थियो । तर, उपभोक्तामाथि थप भार नपरोस् भन्ने उद्देश्यले वास्तविक लागतभन्दा कम दरमा मात्रै मूल्य समायोजन गरिएको निगमको भनाइ छ ।

नयाँ मूल्यसूचीअनुसार पहिलो वर्गअन्तर्गत पर्ने जनकपुरधाम, विराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, चारआली, भलवारी, नेपालगञ्ज र धनगढीमा पेट्रोल प्रतिलिटर १९७ रुपैयाँ ५० पैसा र डिजेल/मट्टितेल १९७ रुपैयाँ ५० पैसा कायम गरिएको छ ।

दोस्रो वर्गका क्षेत्रमा पेट्रोल १९९ रुपैयाँ र डिजेल १९९ रुपैयाँ प्रतिलिटर तथा तेस्रो वर्गअन्तर्गत पर्ने काठमाडौं, पोखरा र दिपायलमा पेट्रोल २०० रुपैयाँ र डिजेल/मट्टितेल पनि २०० रुपैयाँ प्रतिलिटर कायम गरिएको छ ।

एलपी ग्यासको मूल्य भने प्रति १४.२ केजी सिलिन्डर २,०६० रुपैयाँमै यथावत राखिएको छ । मूल्य समायोजनपछि पनि निगमलाई पाक्षिक रूपमा करिब १ अर्ब ४९ करोड रुपैयाँ घाटा हुने प्रक्षेपण गरिएको छ ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेकाले यस्तो अवस्था सिर्जना भएको निगमले जनाएको छ । निगमले उपभोक्तालाई पेट्रोलियम पदार्थको प्रयोगमा मितव्ययी हुन आग्रह गर्दै वर्तमान परिस्थितिमा सहयोग र समझदारीका लागि सबै सरोकारवालासँग अनुरोध गरेको छ ।

## राहदानी हरायो

मिती २०७७।०८।२५ गते घरबाट जनकपुर सम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ ।

**नाम : विरेन्द्र यादव**
**ठेगाना : महोत्तरी न.पा. -५**
**राहदानी नम्बर :०९७१८८२१**

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ८, नमुना बस्ती स्थित घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०४/१६ गते करिब दिउँसो ०२:०० बजे म.प्र. ०२-००७ प ४६४६ नम्बरको सेतो रंगको ईन्जिन नं. G3N4E0507619 चेचिस नम्बर ME1RG6816P0087456 को यामाहा कम्पनीको MT 15 155 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः अनिष कुमार यादव**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-८**
**मो. नं. ९८१६८९११४०**

---

**मधेश प्रदेश सरकार**

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

**जनकपुरधाम, धनुषा, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१९**

यस प्रशिक्षण केन्द्रको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

---

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०५/०२ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८३/०५/०४ गते, बिहीबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : दल बहादुर बुलन तामाङ<br>ना.प्र.नं. ३९०७५२४६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४३/०१/११<br>बाबुको नाम : जय बहादुर बुलन तामाङ<br>बाजेको नाम : धर्म सिंह<br>ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३ | नाम : फुल कुमारी हेन्जन<br>ना.प्र.नं. ३६०७६२०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०३/३१, धनुषा<br>पतिको नाम : दल बहादुर बुलन तामाङ<br>ससुराको नाम : जय बहादुर बुलन तामाङ<br>ठेगाना : धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ३ |
| | धितोको विवरण | |
| | दल बहादुर बुलन तामाङको नाममा मालपोत कार्यालय ढल्केवर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ख कित्ता न २४५४ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

---

## Madhesh Institute of Health Sciences
## Provincial Hospital Janakpurdham
**Dhanusha, Nepal**

### Notice

**Date of first Publication 2083-04-19**

| IFB No. | Particulars | last Date For Submission | Remarks |
|---|---|---|---|
| Mihs/Proc/Proprietary/ 208 3/84/01 | For Procurment of Lab Chemical Reagent cartridge /X-ay film (closed Item) | 2083-05-02 | (closed Item) |

Note: For Details visit https://mihs.edu.np Contact No. 9854038535/9844420994

---

## एकता बचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम-०४, धनुषा, नेपाल**

### कर्मचारी आवश्यकता

**प्रथम प्रकाशित मिति २०८३/०४/१८**

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्नानुसारको कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले यही मिति २०८३/०४/२७ सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुने यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. स. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | Branch Manager | २ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उत्तिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| २. | Recovery Manager | १ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उत्तिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| ३. | Teller | १ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उत्तिर्ण गरि कम्तिमा २ वर्ष कार्य अनुभव भएको |
| ४. | Customer Service | १ | मान्यता प्राप्त संस्थाबाट स्नातक तह उत्तिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको |

१. आवेदकहरुले आवेदनमा आफुले काम गर्न चाहेको पद, अनुभव र सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र Bio-Data सहित यस संस्थाको कार्यालयमा उपस्थित भई वा Email: ektasavingjnk@gmail.com मा मिति २०८३/०४/२७ गते सम्ममा पठाईनु पर्ने छ ।
२. छनौटको किसिमः प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरुलाई अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ ।
३. सवारी साधन र अनुमति पत्र प्राप्त लाई प्राथमिकता दिइनेछ ।
४. आकर्षक तलब, बाहिरको लाई खाना र बस्ने सुविधा सहित ।

---

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०४/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | नाम : घनश्याम यादव<br>ना.प्र.नं. १८-०१-७४-०१९९०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७४/०३/०७<br>बाबुको नाम : राम औतार राय यादव, बाजेको नाम : राम किसुन राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६, हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ८ | |
| | जमानतकर्ताको विवरण | |
| | १. नाम : राम औतार राय यादव<br>ना.प्र.नं. १४२४२२३८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/१०<br>बाबुको नाम : राम किसुन राय यादव<br>बाजेको नाम : मोहन राय<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ८ | २. नाम : सुन्दरकला देवी<br>ना.प्र.नं. १८३०५५/५१९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१३<br>पतिको नाम : राम औतार राय यादव<br>ससुराको नाम : राम किसुन राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई गा.वि.स. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ८ |
| | धितोको विवरण | |
| | घनश्याम यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टेमकिया वडा नं. ७ क स्थित कित्ता नं. ३५६ र ३५५ को क्षेत्रफल क्रमशः ०-२-७-० र ०-२-१७.२५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| २. | नाम : उसमान मोक्तान<br>ना.प्र.नं. १८३०६३/६३९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१९<br>बाबुको नाम : सिंग बहादुर मुक्तान<br>बाजेको नाम : लछुमन मोक्तान तामाङ्ग<br>ठेगाना : महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ८<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १३ | नाम : अन्सीला कुमारी<br>ना.प्र.नं. १८३०६३ /७२९, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/१९<br>पतिको नाम : उसमान मोक्तान<br>ससुराको नाम : सिंग बहादुर मुक्तान<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १३ |
| | धितोको विवरण | |
| | उसमान मोक्तानको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. ६ ख स्थित कित्ता नं. ३२७ को क्षेत्रफल ०-७-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| ३. | नाम : उपेन्द्र यादव<br>ना.प्र.नं. ८११३३४६२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/०१<br>बाबुको नाम : चौठी यादव<br>बाजेको नाम : शिव नन्दन यादव<br>ठेगाना : धनुषा जिल्ला, सखुवा वडा नं. ३<br>हाल : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ | नाम : नेपुर देवी<br>ना.प्र.नं. १७३०९०/१३१२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/२०<br>पतिको नाम : उपेन्द्र यादव<br>ससुराको नाम : चौठी यादव<br>ठेगाना : धनुषा जिल्ला, सखुवा वडा नं. ३<br>हाल : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ |
| | धितोको विवरण | |
| | उपेन्द्र यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ग स्थित कित्ता नं. ३२०६ को क्षेत्रफल ०-०-१४ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| ४. | नाम : भोला खडका<br>ना.प्र.नं. ०४९२४१६८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४२/०१/२०<br>बाबुको नाम : इन्द्र बहादुर खडका<br>बाजेको नाम : ओलक बहादुर खडका<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ | नाम : भक्ति माया खडका<br>ना.प्र.नं. ०४९२४४४५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/१०/११<br>पतिको नाम : भोला खडका<br>ससुराको नाम : इन्द्र बहादुर खडका<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ |
| | धितोको विवरण | |
| | भक्ति माया खडकाको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा न. १ ग स्थित कित्ता नं. ८१७ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | ऋणीको नाम, ठेगाना | |
| ५. | नाम : मन्जु पोल्ट्री फर्म<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय<br>प्रा.फ.र.नं. ६४०६/१४१/०७५/०७६, दर्ता मिति : २०७६/०२/२६, पान नं. ६१०७६६३६५, दर्ता मिति : २०७६/०२/२७<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ७, प्रोप्राइटर : मन्जु कुमारी सिलवाल | |
| | जमानतकर्ताको विवरण | |
| | १. नाम : मन्जु कुमारी सिलवाल<br>ना.प्र.नं. १८-१-०७३/४७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६५/०१/३०<br>बाबुको नाम : धन बहादुर कामी<br>बाजेको नाम : टुक मान कामी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ७ | २. नाम : धन माया कमीनी<br>ना.प्र.नं. ७५२४११४३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/१८<br>पतिको नाम : मिन बहादुर बिश्वकर्मा<br>ससुराको नाम : धन बहादुर कामी<br>ठेगाना : धनुषा जिल्ला, पुष्पलपुर वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ७ |
| | ३. नाम : मिन बहादुर बिश्वकर्मा<br>ना.प्र.नं. १८३०७३/११४९, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/१०/०७<br>बाबुको नाम : धन बहादुर कामी, बाजेको नाम : टुक मान कामी<br>ठेगाना : महोत्तरी जिल्ला, किसाननगर वडा नं. ५, हाल : महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ७ | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## मानवअधिकार उल्लंघनका ३९ मुद्दा दर्ता




**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लंघन सम्बन्धी उजुरी राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा दर्ता भएका छन् ।

नागरिकका आधारभूत अधिकार, महिला तथा बालअधिकार, जातीय भेदभाव, आर्थिक तथा सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएको आयोगका प्रमुख बुद्धनारायण सहनी केवटले जानकारी दिएका छन् ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धिअन्तर्गत १७, घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसाका सात वटा उजुरी दर्ता भएका छन् ।

त्यसैगरी बालबालिकामाथि हुने तीन, जातीय विभेद, सामाजिक बहिष्कार तथा समान व्यवहार नपाएकाको दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएका आठ र यातनाविरुद्धको अधिकारसम्बन्धी महासन्धिअन्तर्गत तीनवटा उजुरी दर्ता भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि आयोगको केन्द्रीय कार्यालय पठाइएको प्रमुख केवटले जानकारी दिए । आयोगले ३७७ वटा उजुरीको विस्तृत छानबिन तथा अनुसन्धान गरिरहेको छ ।

उजुरीमा सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित तथा सरोकारवालासँग बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाइएको छ ।

प्रमुख केवटले आयोगमा धेरैजसो प्रहरीमा जाहेरी दर्ता नभएको, जाहेरी दर्ता भए पनि अनुसन्धान प्रभावकारी नभएको, पीडितले न्याय पाउन कठिनाइ भोगेको, प्रशासनिक निकायबाट समयमै सुनुवाइ नभएको तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्या रहेका विषयमा उजुरी आउने गरेको बताए । मधेस प्रदेशमा पछिल्लो समय सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा पहुँचसम्बन्धी समस्याका कारण मानवअधिकारसम्बन्धी गुनासो बढ्दै गएको सरोकारवाला बताउँछन् ।

# कफ्र्यु निषेधाज्ञा हटेसँगै जनजीवन सामान्य बन्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी घटनापछि मधेशमा विभिन्न जिल्लामा लगाइएको कफ्र्यु र निषेधाज्ञा हटाइएपछि सोमवारदेखि जनकपुरधाम सहित प्रदेशभरका जनजीवन समान्य बनेको छ ।

केही दिनअघि सुरक्षा संवेदनशीलताका कारण जारी गरिएको कर्फ्यु र निषेधाज्ञा हटेसँगै जनकपुरधामको बजार खुलेको छ । मधेश प्रदेशका धनुषा, सप्तरी, सिरहा लगायतका क्षेत्रमा लगाइएको कफ्र्यु र निषेधाज्ञा पूर्णरुपमा हटाइएको छ ।



जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिका तथा आसपासका क्षेत्रमा जारी गरिएको निषेधाज्ञा सोमबार बिहान ५ बजेदेखि हटाएको छ । जिल्लाको सुरक्षा अवस्था सुधार हुँदै गएको र आन्दोलनरत पक्षले आफ्ना आन्दोलनका कार्यक्रम स्थगित गरेपछि निषेधाज्ञा हटाइएको हो ।

जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना जारी गर्दै जिल्ला सुरक्षा समितिको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम लागू गरिएको निषेधाज्ञा हटाउने निर्णय गरेको थियो ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार पछिल्ला दिनमा जिल्लाको सुरक्षा अवस्था सामान्य बन्दै गएको, बजार, यातायात तथा सार्वजनिक सेवा क्रमशः नियमित हुन थालेको र आन्दोलनरत पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिएकाले निषेधाज्ञा कायम राख्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकालिएको हो ।

जनकपुरधाममा सम्भावित अप्रिय घटना रोक्न भन्दै गत साउन १६ गते बिहान १० बजेदेखि निषेधाज्ञा लागू गरिएको थियो । त्यस अवधिमा सार्वजनिक भेला, प्रदर्शन तथा आवतजावतमा विभिन्न प्रतिबन्ध लगाइएको थियो ।

यसअघि सरकार र आन्दोलनरत पक्षबीच भएको सहमतिपछि आन्दोलन स्थगित भएको छ । त्यससँगै जनजीवन पनि विस्तारै सामान्य अवस्थामा फर्किन थालेको प्रशासनको भनाइ छ । प्रशासनले निषेधाज्ञा हटाइए पनि शान्ति, सामाजिक सद्भाव र सार्वजनिक सुरक्षालाई प्राथमिकतामा राख्दै कानुनको पालना गर्न तथा कुनै पनि उच्छृंखल गतिविधिमा संलग्न नहुन सबैसँग आग्रह गरेको छ ।

यस्तै सप्तरीको राजविराज र बोदेबर्साइन नगरपालिकामा लागू गरिएको निषेधाज्ञा सोमबार बिहान १० बजेदेखि पूर्ण रूपमा हटाइएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले सोमबार सूचना जारी गर्दै जिल्ला सुरक्षा समितिको निर्णयका आधारमा निषेधाज्ञा हटाइएको जनाएको हो । स्थानीय प्रशासनका अनुसार जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य बन्दै गएको र परिस्थितिमा सुधार आएपछि निषेधात्मक आदेश हटाउने निर्णय गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा जारी सूचनामा सोमबार बिहान १० बजेदेखि राजविराज र बोदेबर्साइन नगरपालिकामा लागू रहेका सबै निषेधात्मक आदेश स्वतः समाप्त भएको उल्लेख गरिएको छ ।

उता सप्तरीको राजविराज र बोदेबर्साइन नगरपालिका क्षेत्रमा जारी निषेधाज्ञा सोमबार बिहानदेखि हटाइएको छ। जिल्लाको समग्र जनजीवन क्रमशः सामान्य बन्दै गएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लाको शान्ति-सुरक्षाको अवस्था सामान्य बन्दै गएको निष्कर्षसहित जिल्ला सुरक्षा समितिको सोमबार बसेको बैठकको निर्णयअनुसार बिहान १० बजेदेखि निषेधाज्ञा पूर्ण रूपमा हटाएको हो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जारी गरेको सूचनामा राजविराज र बोदेबर्साइन नगरपालिका क्षेत्रमा लागू गरिएको निषेधाज्ञा पूर्ण रूपमा हटाइएको उल्लेख छ। साथै सर्वसाधारणलाई शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न आग्रह गरिएको छ ।

निषेधाज्ञा हटाइएसँगै जिल्लाको जनजीवन सामान्य बन्दै गएको छ । बजार क्षेत्र खुल्न थालेका छन् भने सार्वजनिक तथा निजी सवारीसाधनको सञ्चालन पनि नियमित हुन थालेको छ। राजविराज, बोदेबर्साइन र आसपासका क्षेत्रमा दैनिक उपभोग्य सामग्री खरिद गर्ने सर्वसाधारणको चहलपहल बढ्न थालेको छ ।

### खानेपानीको समस्या गहरिदैं

## ९० प्रतिशतसम्म चापाकल सुक्यो, २० प्रतिशत मात्र सुरक्षित पानी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशमा बढदै गएको खानेपानी समस्या आउंदो समयमा चरम संकट उत्पन्न गर्न सक्ने खानेपानी, सरसफाइ र जलस्रोत व्यवस्थापनको गम्भीर संकटबारे विस्तृत अध्ययन प्रतिवेदन तथ्य सार्वजनिक गरेको छ ।

राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले तयार पारेको प्रतिवेदनले मधेसमा भूमिगत जलस्तर डरलाग्दो रूपमा घटेको र यसले समग्र जनजीवन तथा कृषि प्रणालीमा नराम्रो असर पारेको निष्कर्ष निकालेको हो ।

पछिल्ला केही वर्षयता मधेस प्रदेशमा वर्षा कम हुँदै गएको र भूमिगत जलस्तर निरन्तर ओरालो लागेको प्रतिवेदनमा उल्लेख छ । औसतमा भूमिगत जलस्तर दुईदेखि तीन मिटरसम्म घटेको छ । पानीको सतह सातदेखि आठ मिटरभन्दा तल झरेपछि प्रदेशका ६० प्रतिशतभन्दा बढी हातेपम्प (चापाकल) हरू सुक्न पुगेका छन् ।



धनुषाको हंसपुरलगायत केही स्थानमा त ९० प्रतिशतसम्म चापाकल सुकेको तथ्यांक छ । पश्चिमी मधेसका जिल्लाहरूमा जलस्तर तीन मिटरभन्दा बढीले घटेको डरलाग्दो अवस्था प्रतिवेदनले औँल्याएको छ ।

अध्ययन अनुसार मधेशका करिब २० प्रतिशत घरधुरीमा मात्र सुरक्षित खानेपानीको पहुँच रहेको छ भने अधिकांश नागरिक अझै पनि आकाशे पानीमा निर्भर छन् ।

गत वर्षको खडेरीपछि मधेशका विभिन्न जिल्लामा खानेपानीको अभावले हैजालगायत जलजन्य रोगको जोखिम बढेको थियो ।

सन् २०२५ को खडेरीका कारण देशभरको भूमिगत जल भण्डारणमा करिब ३ हजार ६ सय ७५ मिलियन घनमिटर कमी आएको प्रतिवेदनमा उल्लेख छ ।

यस संकटको पछाडि मुख्य रूपमा चुरे क्षेत्रको विनाश र जलवायु परिवर्तनलाई जिम्मेवार मानिएको छ । वन विनाश, जथाभावी भू-उपयोग र नदीजन्य पदार्थ (गिट्टी-बालुवा) को अनियन्त्रित उत्खननले प्राकृतिक पुनर्भरण प्रक्रियालाई गम्भीर असर पुऱ्याएको छ ।

पानीको अभावले मधेसमा सामाजिक र आर्थिक रूपमा ठूलो प्रभाव पारेको छ । विशेषगरी महिला, बालबालिका र सीमान्तकृत दलित तथा मुसहर समुदाय सबैभन्दा बढी मारमा परेका छन् । खानेपानी ल्याउन घण्टौं समय खर्चिनुपर्दा बालबालिकाको विद्यालय उपस्थितिमा कमी आएको छ ।

स्थानीय, प्रादेशिक र संघीय सरकारबिच समन्वयको चरम अभाव छ । धेरैजसो खानेपानी आयोजनाहरू बजेट अभाव र मर्मतसम्भार नहुँदा अलपत्र अवस्थामा छन् । संकटको समयमा सरकारले ट्यांकरमार्फत पानी बाँड्ने जस्ता अल्पकालीन उपाय मात्र अपनाएको छ । यस्ता तत्कालिन र राहतमुखी प्रतिक्रियाले मात्र समस्याको दीर्घकालीन समाधान नदिने प्रतिवेदनको ठहर छ ।

चुरे-भावर क्षेत्रको संरक्षण, पानीको पुनर्भरण (रिचार्ज) प्रणालीको विकास र गहिरो बोरिङमा कडा नियमन गर्न समितिले सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ, 'चुरे क्षेत्रमा अवैध वन फँडानी र अनियन्त्रित बालुवा-गिट्टी उत्खननमाथि प्रतिबन्ध कडाइका साथ लागू गर्नुपर्छ ।' त्यस्तै समितिले थप सुझाव दिँदै भनेको छ, 'भूमिगत जलको अनियन्त्रित दोहन रोक्न नियमनकारी संयन्त्र स्थापना गर्नु अनिवार्य छ ।'

## गाँजा बरामद

**टुडे समाचारदाता**

मलंगवा । प्रहरीले सोमबार बिहान सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुरबाट ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ । गाँजासहित दुई जना व्यक्ति समेत पक्राउ परेका छन् ।



लागुऔषध गाँजाको ओसार पसार भइरहेको सूचना पाएपछि प्रहरी टोली नवलपुरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि चेक प्वाइन्ट थापेर बसेको थियो । सोहीक्रममा सोमबार बिहान ५ बजेतिर पूर्वतर्फ आउँदै गरेको बीआर ०९ एम ३७६६ नम्वरको भारतीय कारबाट एक क्विन्टल नौ किलो लागुऔषध गाँजा बरामद भएको हो ।

कारको डिकीभित्र लुकाइराखिएको अवस्थामा २३ वटा पोकाभित्र रहेका गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमले जानकारी दिएका छ्न ।

गाँजासहित प्रहरीले कारका चालक भारतको सितामढीका २६ वर्षीय दीपक कुमार महतो र सोही कारमा सवार सितामढीकै २५ वर्षीय अमन कुमारलाई पक्राउ गरेको छ । गाँजा कुन ठाउँबाट ल्याइयो भन्ने विषयमा अनुसन्धान भइरहेको डिएसपी गौतमले बताएका छन् ।




## ट्रकको ठक्करबाट साइकल यात्रुको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-४, गणेश चोकमा सोमवार बिहान ट्रकको ठक्करबाट एक साइकल यात्रुको ज्यान गएको छ।

रोड क्रस गर्न खोज्दा मधेश प्रदेश-०३-००२ ख ११९४ नम्वरको ट्रक किच्दा हरिपुर नगरपालिका-५, लक्ष्मीपुरका ५० वर्षीय पंचलाल चौधरीको मृत्यु भएको हो । सासापुरकै गेला गाउँमा मजदुरीको काम गर्ने चौधरी झरी परिरहेका बेला बिहान ७ बजेतिर साइकल चढेर आइरहेका बेला दुर्घटनामा परी ज्यान गएको प्रहरीले जनाएको छ ।

प्रत्यक्षदर्शीका अनुसार चौधरी रोकिराखेको बस अगाडिबाट सडक पार गर्न खोज्दा पछाडिबाट आइरहेको ट्रकले ठक्कर दिएको हो । ट्रकको ठक्करबाट चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ ।

दुर्घटनापछि फरार भएको ट्रक र चालकलाई बागमतीबाट इलाका प्रहरी कार्यालय कर्मैयाको टोलीले नियन्त्रणमा लिएको छ ।

## वर्षाले बारा र पर्साको विभिन्न क्षेत्र डुबानमा

**टुडे समाचारदाता**

वीरगञ्ज । लगातारको वर्षापछि बाराको कलैया उपमहानगरपालिका-२० बसतपुर क्षेत्र र पर्साको वीरगञ्ज महानगरपालिका विभिन्न वडा जलमग्न भएको छ । वर्षाका कारण मुख्य सडकसहित आसपासका बस्ती डुबानमा परेपछि स्थानीयवासीको जनजीवन प्रभावित भएको छ ।



स्थानीयका अनुसार बसतपुरको मुख्य सडकमा पानी जम्दा सवारी साधन सञ्चालनमा कठिनाइ भएको छ भने पैदल आवतजावतसमेत जोखिमपूर्ण बनेको छ। सडकसँगै आसपासका केही घरमा पनि पानी पसेपछि दैनिक कामकाज प्रभावित भएको स्थानीयवासीले बताएका छन् ।

बसतपुरको उक्त सडक लामो समयदेखि निर्माणको पर्खाइमा रहेकाले सामान्य वर्षामै पनि जलमग्न हुने समस्या दोहोरिने गरेको स्थानीयको गुनासो छ । सडक निर्माणमा ढिलाइ हुँदा वर्षायाममा हरेक वर्ष डुबानको समस्या भोग्नुपरेको उनीहरू बताउँछन् ।

स्थानीयवासीले सम्बन्धित निकायसँग सडक निर्माण कार्यलाई प्राथमिकतामा राखी तत्काल निकास व्यवस्थापन गर्न माग गरेका छन् । उनीहरूले दीर्घकालीन समाधानका लागि गुणस्तरीय सडक निर्माणसँगै प्रभावकारी ढल तथा पानी निकास प्रणालीको व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन्।

यस्तै वीरगञ्ज महानगरपालिकाका विभिन्न वडा पुनः डुबानमा परेका छन् । आदर्शनगर, रामटोल, श्रीपुर, मुर्ली, पानीटङ्की लगायतका क्षेत्रमा पानी जम्दा स्थानीय बासिन्दाको जनजीवन प्रभावित भएको छ ।

डुबानका कारण कतिपय घरभित्र पानी पसेर फर्निचर, खाद्यान्न, विद्युतीय सामग्रीलगायतका धनमालमा क्षति पुगेको स्थानीयले बताएका छन्। केही परिवारले रातभर जाग्राम बसेर घरबाट पानी निकाल्नुपरेको जनाइएको छ। पानी जम्दा सडक आवागमनसमेत प्रभावित भएको छ ।

स्थानीयका अनुसार वीरगञ्जका यी क्षेत्र हरेक वर्ष वर्षायाममा डुबानको समस्याबाट प्रभावित हुँदै आएका छन्। तर यस वर्ष मुख्य सडक विस्तारको कामका कारण समस्या थप जटिल बनेको उनीहरूको गुनासो छ । हाल गण्डकदेखि मितेरी पुलसम्म करिब सात किलोमिटर सडकखण्डमा सडकको दायाँ-बायाँ २५-२५ मिटर विस्तार गर्ने कार्य भइरहेको छ । निर्माणका क्रममा सडक किनारका नाला तथा फुटपाथ भग्नावशेषले थुनिएका छन् भने कतिपय स्थानमा नाला पूर्णरूपमा पुरिएकाले वर्षाको पानी सहज रूपमा निकास हुन सकेको छैन। त्यसको प्रत्यक्ष असर मुख्य सडकसँगै त्यससँग जोडिएका सहायक सडक र बस्तीमा परेको स्थानीयको भनाइ छ ।

डुबानका कारण केही स्थानमा पानी निकास, नाला व्यवस्थापन तथा सडक विस्तार कार्यलाई लिएर स्थानीयबीच विवादसमेत भएको जनाइएको छ ।

पर्याप्त पानी निकासको व्यवस्था नगरी सडक विस्तारको काम अघि बढाइएको तथा सम्बन्धित निकायले समयमै ध्यान नदिँदा बर्सेनि समस्या दोहोरिएको स्थानीयको आरोप छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८